# मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयमा
विद्यावारिधि (पिएच.डी.) उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

**शोधकर्ता**

**ईश्वरीप्रसाद गैरे**

**त्रि.वि. दर्ता नं. : ३२२०२-८८**

**विद्यावारिधि दर्ता नं. : ९**

**२०७३**

मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन – ईश्वरीप्रसाद गैरे २०७३

# मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयमा
विद्यावारिधि (पिएच.डी.) उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

**शोधकर्ता**

**ईश्वरीप्रसाद गैरे**

**त्रि.वि. दर्ता नं. : ३२२०२-८८**

**विद्यावारिधि दर्ता नं.: ९**

**२०७३**

# l;kmfl/; kq

**मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधप्रबन्ध श्री ईश्वरीप्रसाद गैरेले हाम्रो सुपरिवेक्षणमा तयार गर्नुभएको हो । उहाँलाई नेपाली विषयको विद्यावारिधि प्रदान गर्नका निम्ति यस शोधप्रबन्धको अन्तिम मूल्याङ्कन गर्ने व्यवस्थाका लागि हामी त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौँ ।

..........................................

प्रा. राजेन्द्र सुवेदी

शोधनिर्देशक

..........................................

डा. कृष्णहरि बराल

शोधविशेषज्ञ

मिति : २०७३/०१/१७

# अनुमोदन पत्र

**मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकमा विद्यावारिधि (पिएच.डी.) शोधकार्य गर्ने शोधार्थी श्री **ईश्वरीप्रसाद गैरे**ले **नेपाली** विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पुरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

प्रा. डा. चिन्तामणि पोखरेल
डीन एवं अध्यक्ष
अनुसन्धान समिति

मिति :

# k|ta4tf

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन** शोध शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोध निर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो। मैले यस शोध प्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र तिनका प्रति कृतज्ञ पनि छु। यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन। यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे गराएको छैन। मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु।

शोधकर्ता
ईश्वरीप्रसाद गैरे

मिति : २०७२/१०/४

# s[1tf1fkg

**मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिक शास्त्र सङ्काय अन्तर्गत विद्यावारिधि उपाधिका निम्ति तयार गरिएको हो । यो कार्य सम्पन्न गर्ने क्रममा विभिन्न व्यक्तिहरूबाट महत्त्वपूर्ण सहयोग लिइएको एवं प्राप्त भएको हुँदा यसका निम्ति ती सबैलाई कृतज्ञता ज्ञापन गर्नु म आफ्नो कर्तव्य सम्झिन्छु ।

आदरणीय गुरु प्राध्यापक राजेन्द्र सुवेदीको निर्देशनमा प्रस्तुत शोधकार्य गर्ने अवसर मैले पाएको छु । उहाँबाट शोध निर्देशनका क्रममा उपन्यास विधाको विशाल र विस्तृत ज्ञान क्षितिज उद्घाटित गर्दै ज्ञानप्रद प्रेरणााप्रद सुझावका साथै उत्साहप्रद निर्देशन दिनु भएकोमा त्यसप्रति म कृतज्ञ भएको तथ्य प्रकट गर्दछु । आफ्ना विविध व्यस्तताहरू हुँदाहुँदै पनि तिनको समेत पर्वाह नगरी जुनसुकै समयमा पनि शोध निर्देशनमा तत्पर भई यो शोधकार्य पूरा गर्न निरन्तर रूपमा सघाउने निर्देशक गुरुवर प्रति म सदा आभारी भई उहाँको शिष्य हुनुको गौरवबोध गर्दै उहाँप्रति सविनय कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका शोध विशेषज्ञका रूपमा रहनु भएका आदरणीय गुरु प्रा.डा. कृष्णहरि बरालले यो शोधकार्य गर्ने क्रममा अमूल्य सल्लाह सुझाव सहित उत्साहप्रद निर्देशन दिनु भएकोमा उहाँप्रति आभारी भएको तथ्य प्रकट गर्दछु । विशेष गरी उपन्यास विधाको सैद्धान्तिक ज्ञान र शोधकार्यको प्रविधि सम्मत सन्दर्भमा गर्नु भएको यहाँको निर्देशनप्रति म जीवन भरी कृतज्ञ र आभारी हुन पुगेको यथार्थ व्यक्त गर्दछु ।

मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयका सहायक डीन डा. राजकुमार पोखेलको शोधकार्य सम्बन्धी सल्लाह र सुझाव एवं सहयोगप्रति कृतज्ञता प्रकट गर्दछु भने यसै सङ्कायका सहायक डीन डा. ताराकान्त पाण्डेयको शोधसम्बन्धी महत्त्वपूर्ण निर्देशन र सुझाव प्रति कृतज्ञ भई कृतज्ञता प्रकट गर्दछु ।

नेपाली केन्द्रीय विभागका प्रमुख डा. देवीप्रसाद गौतमको महत्त्वपूर्ण भूमिकाका साथै प्रा.डा. महादेव अवस्थीका अमूल्य सुझाव तथा उत्साहप्रद प्रेरणा प्रा.डा. व्रतराज आचार्यका महत्त्वपूर्ण सहयोग प्रा.डा. मोतीलाल पराजुली र डा. खगेन्द्रप्रसाद लुइटेल जस्ता विद्वान् प्राध्यापक डाक्टर एवं उत्कृष्ट समालोचना विद्वानहरूबाट पाएको अमूल्य सहयोग र सुझाव एवं सल्लाह प्रति समेत कृतज्ञता ज्ञापन गर्नु म आफ्नो कर्तव्य सम्झिन्छु ।

प्रस्तुत शोधप्रबन्ध तयार गर्नका निम्ति मैले धेरैतिरबाट धेरै किसिमका सहयोग सुझाव र सल्लाह लिएको छु । यसका निम्ति नेपाली केन्द्रीय विभागका सहप्राध्यापक डा. नारायणप्रसाद गर्तौलाको अत्यन्त महत्त्वपूर्ण तथा अमूल्य सहयोगका निम्ति आभार व्यक्त गर्दछु । यस्तै, डा.

गोविन्द प्रसाद शर्मा (सुकुम) प्रति पनि महत्त्वपूर्ण सहयोग गरेको हुँदा धन्यवाद व्यक्त गर्दछु र यस्तै डा. दुर्गाबहादुर घर्तीको अथक सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु।

प्रस्तुत शोधकार्यका निम्ति पुस्तक, पत्रपत्रिका, शोधपत्र उपलब्ध गराउनेदेखि अन्तर्वार्ता सहितका विविध सहयोग प्रदान गर्दै प्रस्तुत शोधकार्य निम्ति अनुमति दिँदै, जागरुक तुल्याई, हौसला एवं प्रेरणा दिँदै सहयोग गर्नु हुने शोधनायक मदनमणि दीक्षित तथा उहाँकी श्रीमती रीता दीक्षित सहित उहाँका पुत्र विनोदमणि दीक्षितको भूमिका प्रति आभार व्यक्त गर्दछु। यस्तै अमूल्य सहयोग प्राप्त भएका केन्द्रीय पुस्तकालय त्रि.वि. एवं नेपाली केन्द्रीय विभागको पुस्तकालय र यसका महेश तिवारी एवं राजाराम श्रेष्ठको सहयोग प्रति धन्यवाद व्यक्त गर्दछु।

प्रस्तुत विद्यावारिधि शोधकार्य गर्ने क्रममा मेरो कार्यस्थल नेपाली नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरको अमूल्य सहयोग अविस्मरणीय रहेको छ। यस सन्दर्भमा यहाँबाट चारवर्षसम्म अध्ययन विदा उपलब्ध गराएर सहयोग गरिएकोमा यस संस्था प्रति म सधैं आभारी भएको छु। शोधकार्य कै क्रममा विश्वविद्यालय अनुदान आयोगको समेत महत्त्वपूर्ण सहयोग रहेको छ। विशेष गरी यो संस्थाबाट विद्यावारिधि शोध निम्ति पूर्ण शोध वृत्ति प्रदान गरी आर्थिक सहयोग पुऱ्याइएकोमा यस विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा प्रस्तुत शोधकार्य गर्नका निम्ति समुचित परिवेश र वातावरण निर्मित गरेर सहयोग पुऱ्याउने जीवन संगिनी सुशिला गैरे, छोरी शिक्षा गैरे तथा पुत्र क्षितिज गैरेप्रति हार्दिक धन्यवाद प्रकट गर्दछ। यस्तै शोधकार्यका क्रममा अनेक सहयोग, सल्लाह तथा प्रेरणा दिने मित्र मित्राप्रति समेत धन्यवाद ज्ञापन गर्दछु।

कम्प्युटर टाइप तथा सेटिङको काममा 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जनको हार्दिक कार्य तत्परताबाटै प्रस्तुत शोधकार्यले समयमै यो आकार ग्रहण गर्ने अवसर प्राप्त गरेकोमा यस निम्ति म जितेनजीप्रति धन्यवाद व्यक्त गर्दछु।

.................................

ईश्वरीप्रसाद गैरे
शोधकर्ता

मिति : २०७०/११/०४

# zf]w;f/

## १.  विषय प्रवेश

मदनमणि दीक्षित नेपाली साहित्यका कथा, निबन्ध, प्रबन्ध, यात्रा, संस्मरण, जीवनी र उपन्यास जस्ता बहुविध विधाका बहुमुखी साहित्यिक प्रतिभाका रूपमा चर्चित छन् । साहित्यकारका रूपमा मदनमणि दीक्षित २०१८ सालको 'आखिरी मुस्कान' कथाबाट साहित्यका क्षेत्रमा कथा यात्रा थालनी  गर्दै २०२२ सालको **कस्ले जित्यो कस्ले हार्‍यो**, २०४२ सालको **ग्यास च्याम्बरको मृत्यु**, २०५१ सालको **जेण्डा** कथा संग्रह गरी नेपाली कथा साहित्यमा स्थापित प्रतिष्ठित एवं चर्चित बन्न पुगेका छन् । निबन्ध यात्राकाक्रममा २०४२ सालको **चरैवेति** निबन्ध सङ्ग्रहदेखि २०२९ सालको **मेरी आमाको प्रश्नलाई अझै जवाफ चाहिएको छ** जस्ता सङ्ग्रह एवं पत्रपत्रिकामा छरिएर रहेका आधा दर्जन जति निबन्धहरू छन् । प्रबन्धकारका रूपमा २०४० सालको **टु वर्डस् मेगा हिरोशिमा**, २०४२ सालको **सीता र द्रौपदी** २०४९ सालको **गार्गी** जस्ता कृतिमार्फत प्रबन्ध यात्रा प्रतिष्ठित एवं चर्चित बनाउन पुगेका छन् । यस्तै जीवनीकारका रूपमा २०४१ सालको **हाम्रा ती दिन** र २०५५ सालको **आनन्दमय आकाश** एवं २०६२ सालको **महाभियान** मार्फत जीवनी यात्रा गर्ने प्रतिभाका रूपमा मुखरित भएका छन् । साथै संसमरणकारका रूपमा वर्लिन डायरीका पाना जस्ता कृति लेख्ने मदनमणि यस रूपमा समेत सफल एवं सबल बन्न्न पुगेका पाइन्छन् । उपन्यासकारका रूपमा २०३९ सालको **माधवी**, २०५१ सालको **त्रिदेवी** र २०५८ सालको **भूमिसूक्त** मार्फत उपन्यास यात्रा गर्ने उनी नेपाली साहित्यका अनेकन विधामा कलम चलाए पनि उपन्यासकारका रूपमा सबभन्दा प्रतिष्ठित चर्चित एवं स्थापित हुँदै सर्वोत्कृष्ट उपन्यासकार बन्न पुगेका छन् । आफ्नो साहित्य यात्राकै क्रममा उपन्यास लेखन यात्रामै सर्वाधिक सफल मदनमणि दीक्षितको यो यात्राको सन्दर्भमा उपन्यासको विधातात्त्विक अध्ययन एक उल्लेख्य र महत्त्वपूर्ण सिर्जन कार्य भएको छ । यसर्थ यस सन्दर्भमा दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन के कस्तो छ त्यसको समग्र पक्षको सैद्धान्तिक विश्लेषण एवं निष्कर्ष निर्णय प्रस्तुत गर्नु यस शोधकार्यको आफ्नो कार्यकलाप भएको छ ।

नेपाली साहित्यको उपन्यास परम्पराको समसामयिक युगमा उपन्यास लेखन थालनी गर्दै अघि बढेका मदनमणि दीक्षित समसामयिक उपन्यास परम्परामा युगप्रधान उपन्यासलेखकका रूपमा  थालनी गर्दै त्यसलाई सर्वाधिक सफल तुल्याउन प्रतिवद्ध भएका पाइन्छन् । उपन्यासकारका रूपमा यसरी चर्चित मदनमणि दीक्षितको **माधवी** उत्तरवैदिक युगीन, **त्रिदेवी** सामाजिक एवं मनोवैज्ञानिक तथा **भूमिसूक्त** सृष्टिदेखि आदिलोकमाता युग हुँदै मध्यवैदिक युगसम्मको ऐतिहासिक पुननिर्माण गरिएको मध्यवैदिक युगीन युग प्रधान उपन्यासका रूपमा चर्चित एवं प्रतिष्ठित बनेको छ । यसरी दीक्षितका **माधवी** उत्तरवैदिक,

**त्रिदेवी** नेपाली सामाजिक र **भूमिसूक्त** मध्यवैदिक युगीन गरी युगप्रधान उपन्यास स्रष्टाका रूपमा सबल एवं प्रबल बन्न पुगेको देखिन्छ ।

नेपाली उपन्यासका क्षेत्रमा वरिष्ठ उपन्यासकारका रूपमा स्थापित मदनमणि दीक्षित उपन्यास परम्परामै केकस्ता छन् र यिनको सिङ्गो उपन्यासको विधातात्त्विक अध्ययन के कस्तो छ भन्ने कुराको अनुशीलनसँग प्रस्तुत शोध प्रबन्ध सम्बन्धित भएको छ ।

## २. समस्याकथन

मदनमणि दीक्षित नेपाली उपन्यास परम्पराका समसामयिक युगका महत्त्वपूर्ण प्रतिभा हुन् । उनले यस समसामयिक युगमा **माधवी त्रिदेवी** र **भूमिसूक्त** जस्ता तीनवटा उपन्यास लेखेर नेपाली उपन्यास  जगत्लाई समृद्ध तुल्याउने कार्य गरेका छन् । उत्तरवैदिक, नेपाली सामाजिक र मध्यवैदिक युगलाई पुननिर्माण  गर्दै प्रमुखतासाथ प्रस्तुत गर्ने मदनमणि दीक्षितका **माधवी** र **भूमिसूक्त** उपन्यासले आ-आफ्ना युगलाई प्रस्तुत गरेका छन् भने यसैगरी **त्रिदेवी** उपन्यासमा नेपाली समाजको जुद्ध शमशेरको समयदेखि २०५० सालसम्मको समय विम्बलाई प्रतिनिधित्व गर्दै पुनर्निर्मित दिन पुगेको देखिन्छ । यिनै केही आधारहरूमा मदनमणि दीक्षितका उपन्यास के कस्ता छन् ? यिनमा मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन केकस्तो छ भन्ने समस्या नै यस शोधको मुख्य समस्या बनेको छ । प्रस्तुत शोधप्रबन्ध मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन बारे केन्द्रित भएको हुनाले यसका मूल समस्याका अतिरिक्त निम्नलिखित गौण समस्याहरूको समेत समाधान खोज्ने प्रयत्न गरिएको छ । यस किसिमका यस्ता यी समस्याहरूलाई बुँदागत तवरमा यसप्रकारमा देखाइएको छ :

(१) उपन्यासकार मदनमणि दीक्षितको जीवनी र औपन्यासिक कृतित्त्वका बीच के कस्तो सम्बन्ध छ ?

(२) मदनमणि दीक्षितका उपन्यासहरू कथानकको प्रयोगका दृष्टिले के कस्ता रहेका छन् ?

(३) मदनमणि दीक्षितका उपन्यासहरू चरित्र प्रयोगका आधारमा के कस्ता छन् ?

(४) मदनमणि दीक्षितका उपन्यासहरू परिवेश योजनाका आधारमा के कस्ता छन् ?

(५) मदनमणि दीक्षितका उपन्यासहरू भाषाशैली प्रयोगका आधारमा के कस्ता छन् ?

यी समस्याहरू नै शोधकार्यका समस्या बनेर रहेका छन् र यस शोधकार्यमा उपर्युक्त समस्यामा केन्द्रित भई यिनको समाधान खोज्ने प्रयत्न गरिएको छ ।

## ३. उद्देश्य

मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन नामक प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(१) उपन्यासकार मदनमणि दीक्षितको जीवनी र औपन्यासिक कृतित्त्वका बिचको अन्तर्सम्बन्धको पहिचान गर्नु,

(२) मदनमणि दीक्षितका उपन्यासहरूमा कथानकको प्रयोगको पहिचान गर्नु

(३) मदनमणि दीक्षितका उपन्यासहरूको चरित्र प्रयोगको पहिचान गर्नु,

(४) मदनमणि दीक्षितका उपन्यासहरूको परिवेश योजनाको पहिचान गर्नु,

(५) मदनमणि दीक्षितका उपन्यासमा भाषाशैली प्रयोगको पहिचान गर्नु,

## ४. अध्ययनको क्षेत्र र सीमा

मदनमणि दीक्षित नेपाली साहित्यका बहुमुखी प्रतिभाका रूपमा रहेका छन् । यस क्रममा उपन्यासकार, कथाकार, निबन्धकार, प्रबन्धकार, आत्मजीवनीकार एवं यात्रा संस्मरणकार जस्ता साहित्य सिर्जनका बहुमुखी साहित्यकार भएका छन् । यिनको यो शोधकार्य मदनमणि दीक्षितका कृतित्व पक्षमा केन्द्रित हुँदाहुँदै पनि तीविभिन्न विधागत व्यक्तित्वका सिर्जनामा केन्द्रित हुनु भन्दा पनि उपन्यासकार व्यक्तित्व र त्यस उपन्यासकार व्यक्तित्व अन्तर्गतको उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित हुने प्राज्ञिक समस्या नै प्रस्तुत शोधकार्यको मूल प्रमुख समस्यामूलक सन्दर्भ अभीष्ट बनेको छ । यसरी साहित्यकारिता जस्तो क्षेत्र चयन नगरेर उपन्यासको विधातात्त्विक अध्ययन भित्र केन्द्रित हुने मूल प्रयोजन राखिएको यस शोधप्रबन्धको उपन्यासको विधातात्त्विक अध्ययन नै प्रमुख क्षेत्र एवं प्रमुख सीमा बन्न पुगेको छ ।

## ५. शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि तथा विश्लेषणको सैद्धान्तिक आधार र ढाँचाको प्रयोगको सन्दर्भलाई तलका उपशीर्षकमा वेग्लाबेग्लै गरी प्रष्ट पारिएको छ :

### ५.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति आवश्यक सामग्रीहरू पुस्तकालयीय कार्यबाटै सङ्कलन गरिएका छन् । मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन विषयमा सीमित भएकाले सर्वप्रथम उनका उपन्यासका पुस्तकहरू नै प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएका छन् । यसपछि ती उपन्यास विश्लेषणका क्रममा उपन्यास सिद्धान्तसँग सम्बन्धित अङ्ग्रेजी हिन्दी तथा नेपाली भाषाका पुस्तकहरूलाई द्वितीयक सैद्धान्तिक आधार सामग्रीका रूपमा आधार बनाइएको छ । यस प्रकार प्रस्तुत शोधकार्यका निम्ति प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन गर्दा पुस्तकालयीय कार्य गरिएको छ ।

## ५.२ अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोध उपन्याससँग सम्बन्धित भएकाले यसमा उपन्यास विश्लेषणका निम्ति उपन्यासका तत्वहरूलाई आधार बनाइएको छ । उपन्यास पश्चिमी जगतबाट नेपालीमा आएको हुनाले यसको विश्लेषणका लागि पाश्चात्य जगत्मा प्रचलित औपन्यासिक विधातत्वहरूलाई आधार बनाइएको छ । उपन्यास विश्लेषणका निम्ति कथानक योजना, पात्रविधान, परिवेश योजना, दृष्टिविन्दु र सारवस्तु विम्ब र प्रतीक हुँदै भाषाशैलीका प्रयोग गरी यिनै तत्वहरूलाई विश्लेषणीय आधार बनाइएको छ । यस्तै, विवेचनाका क्रममा **माधवी**को कथानक र **महाभारत**का कथाबीच तुलना गरिएको छ भने **भूमिसूक्त** र ऋग्वेदीय ऋचाबीचका तुलनात्मक सन्दर्भलाई सङ्केतात्मक रूपमा उल्लेख गरिएको छ । विशेष गरी दीक्षितका उपन्यासलाई औपन्यासिक तत्वका आधारमा विश्लेषण विधि, प्रवृत्तिमूलक विवेचन विधि एवं तुलनात्मक विधि आदिलाई अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधारका रूपमा उपयोग प्रयोग गरिएको छ :

## ६. शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा विभाजित गरी शोधकार्य सम्पन्न्न गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : उपन्यास विश्लेषणको सैद्धान्तिक पर्याधार

परिच्छेद तीन : मदनमणि दीक्षितको जीवनी र उनका उपन्यास सिर्जनाको अन्तर्सम्बन्ध

परिच्छेद चार : मदनमणि दीक्षितका उपन्यासका कथानक विधान

परिच्छेद पाँच : मदनमणि दीक्षितका उपन्यासमा चरित्र योजना

परिच्छेद छ : मदनमणि दीक्षितका उपन्यासमा परिवेश योजना

परिच्छेद सात : मदनमणि दीक्षितका उपन्यासमा भाषाशैली प्रयोग

परिच्छेद आठ : औपन्यासिक यात्रा, प्रवृत्ति र योगदान

परिच्छेद नौ : सारांश र निष्कर्ष

## ७. निष्कर्ष

मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन नामक विषयलाई मूल शोध विषय बनाई सम्पन्न गरिएको प्रस्तुत शोध अध्ययनबाट निर्धारित शोध प्रश्नका उत्तरसँग सम्बन्धित निम्नानुसारका निष्कर्षहरू यसप्रकार प्राप्त भएका छन् :

१. मदनमणि नेपाली साहित्यका कथा, निबन्ध, प्रबन्ध, यात्रा संस्मरण, जीवनी र उपन्यास जस्ता बहुविधविधाका बहुमुखी स्रष्टा प्रतिभा भए पनि यिनको उपन्यास स्रष्टा व्यक्तित्व ती विविध विधा भन्दा सर्वाधिक महत्त्वपूर्ण र सफल रहेको देखिन्छ ।

२. उपन्यास साधनाका उन्तीस वर्षसम्मको लामो फराकिलो समय व्यतीत गरेका दीक्षित उपन्यास सिर्जनामा सशक्त र एक उत्कृष्ट उपन्यासकार हुँदै वरिष्ठ उपन्यासकार समेत बन्न पुगेको देखिन्छ ।

३. जीवन यापन एउटा कुरा हो र सिर्जना अर्को कुरा हो भने स्रष्टाले भोगेको जीवनको केही न केही प्रभाव प्रत्यक्षाप्रत्यक्ष रूपमा उसका सिर्जनामा परेको हुन्छ र यस अनुरूप मदनमणि दीक्षितको जीवनीका घटनाक्रम र **माधवी, त्रिदेवी र भूमिसूक्त** उपन्यासका घटनाक्रमबीच अन्योन्यअन्तर्सम्बन्ध घटेको देखिन्छ ।

४. जीवनी र उपन्यासको सिर्जना बीचको अन्तर्सबन्धका क्रममा दीक्षितका वंश पुस्ता, शिक्षादीक्षा, विवाह, राजनीतिक जीवन, प्राज्ञिक जीवन, ब्राह्मण पौरोहित्य सन्दर्भ यी यावत्सन्दर्भका घटनाक्रमको अन्तर्सम्बन्धित घटित क्रम **माधवी, त्रिदेवी** र **भूमिसूक्त**मा देख्न सकिन्छ ।

५. उपन्यास विश्लेषणका निम्ति सैद्धान्तिक आधारका क्रममा उपन्यासका कथानक पात्र, परिवेश, दृष्टिविन्दु, सारवस्तु, विम्ब र प्रतीक एवं भाषाशैली जस्ता विधातात्विक तत्वगत सैद्धान्तिक पर्याधारको निरूपण गरिएको छ ।

६. मदनमणि दीक्षितका **माधवी, त्रिदेवी, भूमिसूक्त** उपन्यासमा चरित्रको प्रभाव अत्यधिक हुँदाहुँदै पनि तिनमा घटना  प्रधान कथानकको प्राबल्य रहेको छ ।

७. **माधवी** उत्तरवैदिक कालीन **त्रिदेवी** नेपाली समाज र **भूमिसूक्त** मध्यवैदिक युगीन जस्ता युगहरू र समाजप्रधान विषयवस्तुलाई कथानकीय स्वरूपमा थालिएको छ ।

८. कथानकीय सङ्गठनमा **माधवी** अत्युच्य **त्रिदेवी** उच्चस्तरीय र **भूमिसूक्त** उच्चमध्यम कोटिमा सुसङ्गठित बनेका पाइन्छन् ।

९. कथानकीय सिद्धान्तका फ्रेटागका पिरामिडका पाँच अवस्था, एरिष्टोटलका आदिमध्य अन्त्य अवस्था जस्ता सिद्धान्तहरूको सशक्त प्रयोगमा **माधवी, त्रिदेवी** र **भूमिसूक्त** सबल उपन्यास बन्न पुगेको देखिन्छ ।

१०. मदनमणि दीक्षितका **माधवी, त्रिदेवी** र **भूमिसूक्त** नामक तीनवटै उपन्यासमा नारी प्रधान केन्द्रीय चरित्रलाई कथावस्तुको मूल स्वरूप बनाएर प्रस्तुत गरिएको छ ।

११. मदनमणि दीक्षितका तीनवटा उपन्यासहरूलाई कथानक विधानका दृष्टिले निर्क्योल गर्दा **माधवी** उच्च, **त्रिदेवी** स्तरीय र **भूमिसूक्त** महत्त्वपूर्ण उपन्यास बन्न पुगेका पाइन्छन् ।

१२. मदनमणि दीक्षितको **माधवी** उपन्यासको पात्रविधानमा कार्य भूमिकाका आधारमा केन्द्रीय नायिका माधवी, नायक गालव र सहनायकमा नागजेय, ययाति , हर्यश्व, दिवोदास, शिवि

र विश्वामित्र हुँदै बनायुमाता चौला र सहायक पात्रका रूपमा राजावैनतेय, निषदराज सौरभ, शनिशिरा रहेका छन् । चारवटा सम्राट पुत्रहरू र बाँकी अन्य पात्र गौण पात्रको भूमिका निर्वाह गर्न क्रियाशील बनेका पाइन्छन् । यस प्रकार **माधवी** उपन्यासको पात्र योजना प्रमुख, सहायक र गौण गरी तीन प्रकारको योजनामा सुसङ्गठित बनेको देख्न पाइन्छ ।

१३. मदनमणि दीक्षितको **त्रिदेवी** उपन्यासको पात्र विधानमा कार्य भूमिकाका आधारमा तीनवटा नारीपात्र नालायनी, स्मिता र सौदामिनी बहुनायिका प्रधान केन्द्रीय चरित्रका रूपमा प्रस्तुत बनेका छन् भने प्रमुख पुरुष पात्रको रूपमा सौम्य उल्लेख्य रहेको छ । सहायक पुरुष पात्रका रूपमा शम्भु, सुद्युम्न, श्याम, बडा मेजर सहधिताल रहेका छन् भने सहायक नारी पात्रमा माया बज्यै ललिता सुन्दरी, शैलु मेना, दिव्या रहेका छन् । गौण प्रमुख पात्रका रूपमा अचल, कृष्णध्वज कार्की, उत्तङ्ग सन्ते, हाउडे काजी, लाले, हजुरिया कर्णेल, उजीनर सिंह जुद्ध शमशेर, हरिमान पटवारी, खेलावन छन् भने गौण नारी पात्रमा किशोरी रेश्मा मुदिता उललेख्य छन् । यसप्रकार **त्रिदेवी**मा प्रमुख, सहायक र गौण तीनवटै भूमिकाको पात्र योजना पाइन्छ ।

१४. मदनमणि दीक्षितको **भूमिसूक्त** उपन्यासको पात्रविधानमा कार्य भूमिकाका आधारमा केन्द्रीय नायिका पृथिवी (भूमि) एवं प्रमुख पात्रका रूपमा महाकाल र सूर्य रहेका छन् । सहायक पात्रका रूपमा मानव, मानवी तथा मानव सभ्यतामा आउने महामातृका, वैवस्वत, विश्वामित्र, वशिष्ठ, राजा नल र दिवोदास जस्ता पात्र रहेका छन् भने गौण पात्रका रूपमा हिमवान्, पुष्पक, ऐल वरुण, मनुपुत्रहरू अभिताभ, महीरथ सुगुप्त, दमयन्ती, शम्बर, आर्य, असुर, नाग, गरुड जातिका मान्छे, अफ्रिकाका काला युवक, इस्तार्ते, मेम्फीकी रानी, हल्माक, अहिल्या जस्ता पात्र रहेका छन् । यसप्रकार **भूमिसूक्त** उपन्यासमा पात्रविधानका कार्ययोजनामा प्रमुख सहायक र गौण पात्रीय संयोजन सुनिर्मित तवरले सुसङ्गठित बनेको देख्न पाइन्छ ।

१५. पात्रविधानका दृष्टिले **माधवी, त्रिदेवी** र **भूमिसूक्त** उपन्यासलाई हेर्दा **माधवी** उत्कृष्ट **त्रिदेवी** स्तरीय र **भूमिसूक्त** उच्च उपन्यास बन्न पुगेको देखिन्छ ।

१६. **माधवी** उपन्यासमा उत्तरवैदिक युगीन परिवेशलाई साध्य र कथानक र पात्रलाई साधनका रूपमा परिचालित गरिएको छ ।

१७. उत्तरवैदिक युगको पुनर्निर्माणका क्रममा मण्डलक जनपद, शैवालिक जनपद, अहिच्छत्र जनपद, वनायु जनपद, कोशल जनपद, कण्वग्राम जनपद, काशी महाजनपद, भोजनगर जनपद, चम्पा जनपद, राजगृह जनपद र सम्बालागण जनपद जस्ता जनपदहरूको निर्माण र विकासलाई अङ्कित गर्दै यिनको समष्टि विकासको स्वरूपमा उत्तरवैदिक युगीन सिङ्गो युगको ऐतिहासिक पुनर्निर्माण गरिएको परिवेश योजना नै **माधवी** उपन्यासको परिवेश बनेको छ ।

१८. **माधवी**का विभिन्न समाज मध्ये असुर समाज अहिच्छत्र, आर्यसमाज कोशल, काशी, कण्व र चम्पा जनपद, वैष्णव समाज भोजनगर, दास समाज सम्बालागण, निषाद जनपद वनायु र शैवालिक जनपद, गरुड समाज मण्डलक जनपद । माहुतेहरूको समाज इभ्यग्राम एवं मूषिकहरूको समाज राजगृह गरी यी भिन्न भिन्न समाज मार्फत् सिङ्गो उत्तरवैदिक युगको निर्माण र विकासगत यथातथ्यलाई ऐतिहासिक पुननिर्माण साथ प्रयोग गरिएको छ ।

१९. **माधवी** उपन्यासको कालिक परिवेश आजभन्दा पूर्व ३०००-४००० वर्ष सम्मको समयावधिमा प्रचलित उत्तरवैदिकयुगको सिङ्गो अवतरण गरी प्रमुख परिवेशको स्वरूप निर्मित भएको छ ।

२०. **त्रिदेवी** उपन्यासको कालिक परिवेशका रूपमा जुद्ध शमशेरको समय देखि श्री ५ विरेन्द्रको पञ्चायत प्रजाहरूको प्रजातान्त्रिक कालका रूपमा रहेका परिवेशगत स्वरूपहरूको अङ्कन गरिएको छ ।

२१. **त्रिदेवी** उपन्यासको परिवेशमा तीनवटा देवीहरूको राष्ट्रिय परिवेशका साथै मानसिक यथार्थ परिवेशको समेत संयोजन गरिएको छ ।

२२. **भूमिसूक्त** उपन्यासमा मध्यवैदिक युगीन यथार्थता प्रकट गर्दै ऐतिहासिक यथार्थवादलाई अङ्कन गरिएको छ ।

२३. मध्यवैदिक युगको पुननिर्माणका क्रममा महाकाल सूक्त, हिमवानमा जीवन, सप्तमहामातृका, मानव सूक्त, स्त्रीराज्य सूक्त, मातृशिखर, नलदमयन्ती सूक्त दिवोदास शम्बर सूक्त र महाकालको वाणी सूक्त जस्ता नौवटा सूक्त सूक्त गत परिवेश योजनाको विकासलाई अङ्कित गर्दै समष्टिमा मध्यवैदिक युगीन इतिहासको ऐतिहासिक यथार्थको पुननिर्माण गरिएको छ ।

२४. **माधवी** उपन्यासमा तृतीय पुरुष र बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ भने तृतीय पुरुषात्मक बाह्य र सर्वदर्शी दृष्टिविन्दुको उपयोग गरिएको छ । **त्रिदेवी** उपन्यासमा पनि बाह्य तथा तृतीय पुरुषात्मक दृष्टिविन्दुको सफल प्रयोग गरिएको छ र **भूमिसूक्त** बाह्य वा तृतीय पुरुषको र यसका भेदहरूको प्रयोगमा कुशल बनेर प्रकट भएको छ ।

२५. सारवस्तुगत रूपमा **माधवी** उपन्यासले उत्तरवैदिक कालीन समय, युग र सभ्यताको सारवस्तु आफूमा समेटेको छ भने **त्रिदेवी**ले नेपाली समाजका तीनवटा देवीहरूको महनीय जीवनको सारगर्भित सारवस्तु प्रकट गरेको छ र **भूमिसूक्त** उपन्यासमा भूमिलाई मातृकरण गरेर मानवीय स्वरूपको नेतृत्व प्रदान गर्दै मानवीय सभ्यताका सन्दर्भ सहित पृथिवी चरित्रको सारगर्भित सारवस्तु संयोजन गरिएको छ ।

२६. विम्ब र प्रतीकको योजनाका रूपमा **माधवी** उपन्यास बढी सशक्त र कलामय उच्चस्तरीय बनेर प्रकट भएको छ भने **त्रिदेवी** बिम्ब र प्रतीक योजनामा उच्चमध्यम र **भूमिसूक्त**मा विम्ब र प्रतीक योजनाको निर्वाह उच्च कोटिका साथ सुसंयोजन भएको छ ।

२७. भाषाशैलीको प्रयोगका दृष्टिले दीक्षितका **माधवी, त्रिदेवी र भूमिसूक्त** उपन्यास उत्कृष्ट रहेका छन् भने तुलनात्मक रूपमा **माधवी** लालित्य माधुर्य र काव्यात्मकता साथ कलामय बन्दै सबभन्दा सफल बनेको छ भने **त्रिदेवी** उपन्यासका भाषाशैली बढी स्तरीय र उत्कृष्ट रहेको छ र **भूमिसूक्त** बढी ओजपूर्ण सफल र सबल बनेको छ ।

२८. मदनमणि दीक्षितको औपन्यासिक यात्राका क्रममा तीनवटा मात्र उपन्यास भए पनि तिनले तीनवटा चरणको निर्वाह गर्दै औपन्यासिक यात्राको सफलतम निर्वाह गर्नुका साथै प्रवृत्तिगत स्वरूपमा सबल र योगदानगत रूपमा प्रबल भूमिका खेल्न पुगेको देखिन्छ ।

# ;ÃlIfKt zAb;'rL

| | | |
|---|---|---|
| ई. | : | ईस्वी |
| चौ.सं. | : | चौंथो संस्करण |
| तृ.सं. | : | तृतीय संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| द्वि.सं. | : | द्वितीय संस्करण |
| ने.के.वि. | : | नेपाली केन्द्रीय विभाग |
| ने.प्र.प्र. | : | नेपाल प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| वि.सं. | : | विक्रम सम्वत् |
| सं. | : | संस्करण |
| सम्पा | : | सम्पादक |

# ljifo;'rL

पृष्ठ

## पहिलो परिच्छेद
## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | उद्देश्य | ३ |
| १.४ | पूर्वकार्यको समीक्षा | ३ |
| १.५ | शोधको औचित्य, महत्त्व र उपयोगिता | १४ |
| १.६ | शोधकार्यको सीमाङ्कन | १४ |
| १.७ | शोध विधि | १४ |
| १.७.१ | सामग्री सङ्कलन | १४ |
| १.७.२ | विश्लेषण विधि | १५ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | १५ |


## दोस्रो परिच्छेद
## उपन्यास विश्लेषणको सैद्धान्तिक पर्याधार


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | १७ |
| २.२ | उपन्यासको परिभाषा | २० |
| २.३ | उपन्यासको स्वरूप | २२ |
| २.३.१ | उपन्यासको विधागत स्वरूप | २२ |
| २.३.२ | आयामका आधारमा उपन्यासका प्रकार | २५ |
| २.४ | उपन्यासको स्वरूप | २६ |
| २.४.१ | उपन्यास : तथ्यात्मक इतिवृत्तका रूपमा | २६ |
| २.४.२ | उपन्यास जीवनका सन्दर्भका रूपमा | २७ |
| २.४.३ | उपन्यास : समाज र समाजशास्त्रका रूपमा | २७ |
| २.४.४ | उपन्यास : गतिशील स्वभावका रूपमा | २९ |
| २.४.५ | उपन्यास : सौन्दर्ययुक्त रचनाका रूपमा | ३० |
| २.४.६ | उपन्यास : आख्यानको रूपमा | ३१ |
| २.५ | उपन्यासका तत्त्व निरूपण | ३२ |
| २.५.१ | कथानक | ३४ |
| २.५.१.१ | कथानकको आङ्गिक विकास | ३७ |
| २.५.१.२ | कथानकमा आवश्यक : द्वन्द्व र क्रिया उपकरण | ४० |

२.५.१.३ कथानकका प्रकार ४०
२.५.२ चरित्र/पात्र ४२
२.५.२.१ उपन्यासका पात्र विधानका आधारहरू ४५
२.५.२.२ पात्रका प्रकारहरू ४६
२.५.३ परिवेश ४९
२.५.३.१ स्थान (देश) ५२
२.५.३.२ समय (काल) ५३
२.५.३.३ वातावरण ५४
२.५.३.४ परिवेशको यथार्थ ५६
२.५.४ दृष्टिविन्दु ५७
२.५.४.१ दृष्टिविन्दुका प्रकार ५९
२.५.५ बिम्ब र प्रतीक ६५
२.५.५.१ बिम्ब ६५
२.५.५.१ बिम्बका प्रकार ६७
२.५.५.२ प्रतीक ६८
२.५.५.२ प्रतीकका प्रकार ७०
२.५.६ सारवस्तु ७२
२.५.६.१ सारवस्तुगत स्वरूप र प्रक्रिया ७३
२.५.७ भाषाशैली ७६
२.५.७.१ भाषा तथा शैलीगत स्वरूपको सिद्धान्त ७९
२.६ निष्कर्ष ८३

## तेस्रो परिच्छेद

## मदनमणि दीक्षितको जीवनी र उपन्यास सिर्जनाको अन्तर्सम्बन्ध

३.१ विषय परिचय ८६
३.२ जीवनी ८६
३.२.१ जन्म र नामकरण ८६
३.२.२ जन्मकाल र तत्कालीन परिवेश ८७
३.२.३ वंशानुगत पृष्ठभूमि र दीक्षितको उपन्यासकार व्यक्तित्वसँग त्यसको सम्बन्ध ८७
३.२.४ बाल्यकाल, बाल्य स्वभाव र उपन्यासमा तिनको प्रभाव ८९
३.२.५ शिक्षा दीक्षाको प्रसङ्ग र उपन्यासको सिर्जनाको अन्तर्विकासमा त्यसको प्रभाव ९१
३.२.६ वैवाहिक एवं पारिवारिक जीवन र उपन्यास सिर्जनामा त्यसको प्रभाव ९२
३.२.७ जीवनका विविध मोड र उपन्यासमा तिनको प्रयोग ९४
३.२.७.१ राजनीतिक जीवनको मोड ९४

३.२.७.२ शिक्षक जीवनको मोड ९६
३.२.७.३ पत्रकार जीवनको मोड ९७
३.२.७.४ प्राज्ञिक जीवनको मोड ९८
३.२.७.५ छविकार जीवनको मोड ९८
३.२.७.६ भ्रमण ९९
३.२.७.७ स्वाध्ययनको मोड १००
३.२.७.८ बहुभाषा ज्ञान १०१
३.२.७.९ पुरस्कार पदक र सम्मानपत्र १०१
३.३ मदनमणि दीक्षितको व्यक्तित्व र उपन्यासमा त्यसको प्रभाव १०२
३.३.१ शारीरिक व्यक्तित्व र स्वभाव १०२
३.३.२ स्वतन्त्र चिन्तक व्यक्तित्व १०३
३.३.३ साहित्यिक व्यक्तित्व १०४
३.३.३.१ स्रष्टा व्यक्तित्व १०४
३.३.३.२ द्रष्टा व्यक्तित्व १०६
३.३.३.३ अनुवादक व्यक्तित्व १०७
३.३.४ मदनमणि दीक्षितका उपन्यासमा प्रतिविम्बित जीवनी १०८
३.३.४.१ माधवी उपन्यासमा प्रतिबिम्बित जीवनी १०८
३.३.४.२ त्रिदेवी उपन्यासमा प्रतिविम्बित जीवनी ११०
३.३.४.३ भूमिसूक्त उपन्यासमा प्रतिबिम्बित जीवनी ११३
३.३.४.४ निष्कर्ष ११४

## चौथो परिच्छेद

## मदनमणि दीक्षितका उपन्यासमा कथानक विधान

४.१ विषय प्रवेश ११८
४.२ माधवी उपन्यासमा कथानक प्रयोग ११९
४.२.१ माधवीको कथानकमा मौलिकता १३४
४.२.१.१ विषयवस्तुगत समानताकका पक्षहरू १३४
४.२.१.२ विषयवस्तुगत भिन्न/मौलिक पक्ष १३५
४.३ 'त्रिदेवी' उपन्यासमा कथानक प्रयोग १३८
४.४ 'भूमिसूक्त' उपन्यासमा कथानक प्रयोग १६०
४.५ कथानकीय निष्कर्ष १७८
४.६ मदनमणि दीक्षितका उपन्यासमा प्रयुक्त सारवस्तु १८०
४.६.१ विषयप्रवेश १८०
४.६.१.१ माधवी उपन्यासमा प्रयुक्त सारवस्तु १८१

४.६.१.२ त्रिदेवी उपन्यासमा प्रयुक्त सारवस्तु १८२
४.६.१.३ भूमिसूक्त उपन्यासमा प्रयुक्त सारवस्तु १८३
४.६.१.४ निष्कर्ष १८४

## पाँचौं परिच्छेद

## मदनमणि दीक्षितका उपन्यासमा चरित्र योजना

५.१ विषय परिचय १८६
५.२ माधवी उपन्यासमा पात्रविधान १८७
५.२.१ मण्डलक जपदीय पात्रहरू १८८
५.२.२ इभ्यग्रामका पात्रहरू १९०
५.२.३ शैवालिक जनपदीय पात्रहरू १९१
५.२.४ अहिच्छत्र जनपदीय पात्रहरू १९२
५.२.४ वनायु जनपदीय पात्रहरू २००
५.२.५ कोशल जनपदीय पात्रहरू २०५
५.२.६ कण्वग्राम जनपदीय पात्रहरू २०८
५.२.७ काशी महजनपदीय पात्रहरू २११
५.२.८ भोजनगरीय पात्रहरू २१८
५.२.९ चम्पा जनपदीय पात्रहरू २२२
५.२.१० राजगृह जनपदीय पात्रहरू २२९
५.२.११ संबाला गणका पात्रहरू २३०
५.२.१२ प्रतिष्ठानपुर जनपदीय पात्रहरू २३२
५.२.१३ माधवी उपन्यासमा चरित्रचित्रण २४३
५.३ त्रिदेवी उपन्यासमा चरित्र योजना २४६
५.३.१ त्रिदेवी उपन्यासमा चरित्र चित्रण २७२
५.४ भूमिसूक्त उपन्यासमा पात्रविधान २७४
५.४.१ महाकालसूक्तका पात्रहरू २७५
५.४.२ हिमवानमा जीवन सूक्तका पात्रहरू २८६
५.४.३ सप्तमहामातृका सूक्तका पात्रहरू २९०
५.४.४ स्त्रीराज्य सूक्तका पात्रहरू ३००
५.४.५ मानव सूक्तका पात्रहरू ३०३
५.४.६ मातृशिखर र हरियूपिया सूक्तका पात्रहरू ३०४
५.४.७ नल र दमयन्ती सूक्तका पात्रहरू ३०७
५.४.८ दिवोदास र शम्बर सूक्तका पात्रहरू ३११
५.४.९ महाकालको वाणी सूक्तका पात्रहरू ३१२

५.४.१० भूमिसूक्त उपन्यासमा चरित्र चित्रण ३१३
५.५ निष्कर्ष ३१५

## छैटौं परिच्छेद

## मदनमणि दीक्षितका उपन्यासमा परिवेश योजना

६.१ विषय प्रवेश ३२१
६.२ माधवी उपन्यासमा परिवेश योजना ३२१
६.२.१ मण्डलक जनपद र यसको परिवेश ३२३
६.२.२ इभ्यग्राम  जनपद र यसको परिवेश ३२४
६.२.३ शैवालिक जनपद र यसको परिवेश ३२५
६.२.४ अहिच्छत्र जनपद र यसको परिवेश ३२७
६.२.५ बनायु जनपद र यसको परिवेश ३२८
६.२.६ कोशल जनपद र यसको परिवेश ३२९
६.२.७ कण्वग्राम जनपद र यसको परिवेश ३३०
६.२.८ काशी जनपद र यसको परिवेश ३३१
६.२.९ भोजनगर जनपद र यसको परिवेश ३३२
६.२.१० चम्पा जनपद र यसको परिवेश ३३३
६.२.११ राजगृह जनपद र यसको परिवेश ३३४
६.२.१२ सम्बाला जनपद र यसको परिवेश ३३४
६.२.१३ परिवेशगत पुननिर्माण ३३५
६.२.१४ माधवी उपन्यासमा वातावरण ३४१
६.३ त्रिदेवी उपन्यासमा परिवेशयोजना ३४७
६.३.१ त्रिदेवी उपन्यासमा वातावरण ३४९
६.४ भूमिसूक्त उपन्यासमा परिवेश योजना ३५३
६.४.१ महाकाल सूक्त र यसको परिवेश ३५४
६.४.२ हिमवानमा जीवन सूक्त र यसको परिवेश ३५५
६.४.३ सप्त महामातृका सूक्त र यसको परिवेश ३५५
६.४.४ स्त्रीराज्य सूक्त र यसको परिवेश ३५७
६.४.५ मानव सूक्त र यसको परिवेश ३५८
६.४.६ मातृशिखर र हरियूपिया ३५९
६.४.७ नल र दमयन्ती सूक्त र यसको परिवेश ३६१
६.४.८ दिवोदास र शम्बर सूक्त र यसको परिवेश ३६३
६.४.९ महाकालको वाणी सूक्त र यसको परिवेश ३६३
६.४.१० भूमिसूक्त उपन्यासमा वातावरण ३६५
६.५ निष्कर्ष ३७०

## सातौं परिच्छेद

## मदनमणि दीक्षितका उपन्यासको भाषाशैली


| | | |
|---|---|---|
| ७.१ | विषय परिचय | ३७६ |
| ७.२ | माधवी उपन्यासको भाषाशैली प्रयोग | ३७७ |
| ७.२.१ | माधवी उपन्यासमा विम्बविधान | ३९२ |
| ७.२.२ | माधवी उपन्यासमा प्रतीक विधान | ३९६ |
| ७.२.३ | माधवी उपन्यासमा प्रयुक्त दृष्टिविन्दु | ३९९ |
| ७.३ | त्रिदेवी उपन्यासको भाषाशैली प्रयोग | ४०२ |
| ७.३.१ | त्रिदेवी उपन्यासमा विम्बविधान | ४१४ |
| ७.३.२ | त्रिदेवी उपन्यासमा प्रतीक विधान | ४२१ |
| ७.३.३ | त्रिदेवी उपन्यासमा प्रयुक्त दृष्टिविन्दु | ४२३ |
| ७.४ | भूमिसूक्त उपन्यासको भाषाशैली प्रयोग | ४२५ |
| ७.४.१ | भूमिसूक्त उपन्यासमा विम्बविधान | ४३७ |
| ७.४.२ | भूमिसूक्त उपन्यासमा प्रतीक विधान | ४४१ |
| ७.४.३ | भूमिसूक्त उपन्यासमा प्रयुक्त दृष्टिविन्दु | ४४४ |
| ७.५ | निष्कर्ष | ४४७ |


## आठौं परिच्छेद

## मदनमणि दीक्षितको औपन्यासिक यात्रा, प्रवृत्ति र योगदान


| | | |
|---|---|---|
| ८.१ | मदनमणि दीक्षितको औपन्यासिक यात्रा | ४५३ |
| ८.२ | मदनमणि दीक्षितको औपन्यासिक योगदान | ४६१ |
| ८.२.१ | उपन्यासकार मदनमणि दीक्षितको परिमाणात्मक, गुणात्मक योगदानको निरूपण | ४६२ |
| ८.२.२ | नेपाली उपन्यासमा प्राग्वैदिक, वैदिक र उत्तरवैदिक तथा सामाजिक विषय प्रयोगका दृष्टिले मदनमणि दीक्षितको योगदान | ४६६ |
| ८.३ | निष्कर्ष | ४६७ |


## नवौं परिच्छेद

## सारांश तथा निष्कर्ष


| | | |
|---|---|---|
| ९.१ | सारांश | ४६९ |
| ९.२ | निष्कर्ष | ४७३ |

परिशिष्ट एक

उपन्यासकार मदनमणि दीक्षितसँग शोधार्थीले लिएको अन्तर्वार्ता ४७६

परिशिष्ट दुई

मदनमणि दीक्षितसँग शोधार्थीले लिएको अन्तर्वार्ता ४८२

परिशिष्ट तीन

मदनमणि दीक्षितसँगका (सङ्कलित-संयोजित) अन्तर्वार्ता ४८८

**सन्दर्भ सामग्री सूची** ४९७-५०४

मितिः २०७२/०९/१६

श्रीमान् डीनज्यू

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

डीनको कार्यालय

**विषय : सुझाव र टिप्पणी अनुरूप संशोधन गरी लुज शोधप्रबन्ध बुझाएको बारे ।**

महोदय,

उपर्युक्त विषयमा यस मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति शोधकार्यरत नेपाली विषयको “मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन” नामक शीर्षकको शोधप्रबन्ध आन्तरिक मूल्याङ्कनका निम्ति सर्वप्रथम २०६८/१०/१७ गते बुझाइएको र सो शोधपत्रको संशोधन परिमार्जन सहित बुझाउन भनिएकोमा पुनः दोस्रो पटक २०७०/१०/४ गते बुझाइएकोमा पनि पुनः संशोधन परिमार्जन र परिवर्द्धनसाथ बुझाउन भनिएकोमा सोही अनुरूप सुझाव र टिप्पणी अनुसार संशोधन गरी लूज शोध प्रतिवेदन बुझाइएको बारे सविनय अनुरोध गर्दछु ।

निवेदक

ईश्वरीप्रसाद गैरे

शोधकर्ता

**शोधप्रबन्ध संशोधन परिमार्जन प्रतिवेदन**

**शोधकर्ता : ईश्वरीप्रसाद गैरे**

**शोधशीर्षक : मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन**

**पूर्वभाग**

१. आवरण तथा भित्री पृष्ठहरूमा शोधार्थी भनिएका ठाउँमा शोधकर्ता भनी उल्लेख गरिएको

२. कृतज्ञताज्ञापनको दोस्रो पृष्ठको दोस्रो अनुच्छेद सच्चाइएको

३. विषयसूचीबाट पात्र नाम हटाइ त्यसलाई छरितो बनाइएको

४. तालिका सूची नभएको र संक्षेपीकृत शब्दसूची तथा चिन्ह प्रयोग सूची दिइएको

५. पहिलो परिच्छेद आरम्भ हुनुभन्दा अगाडिका सबै सामग्रीलाई पृष्ठको तल्लो भागमा अक्षरमा पृष्ठाङ्कन गरिएको

**मूल भाग**

१. विषय परिचय उपशीर्षकमा छरितो किसिमले शोध शीर्षकको परिचय दिइएको

२. शोध समस्याको दोस्रो अनुच्छेदमा यो शोध पत्रको समस्याकथन भन्ने हटाइएको र लेखाइ परिमार्जन गरिएको

३. समस्या नं. क को परिमार्जन गर्दै साहित्ययात्रा र प्रवृत्तिबाट साहित्ययात्रा हटाइएको

४. समस्या नं. ग र घ को शोध प्रबन्धमा विश्लेषित विषयलाई आधार बनाइ समस्याको स्पष्ट निरूपण गरिएको

५. शोध समस्याको पुनर्लेखन परिमार्जन पछि तदनुसार उद्देश्य निर्धारण गरिएको

६. पूर्वकार्यको समीक्षा अन्तर्गतका सुरुका तीन अनुच्छेद अनावश्यक भएकाले हटाइएको

७. पूर्वकार्यको समीक्षा गर्दा पृष्ठ १३ मा भएको जस्तो समीक्षा भन्दा विस्तारमा सारांश दिने प्रक्रिया हटाइ पूर्वकार्यको मुख्य प्राप्तिलाई पहिल्याइएको

८. कतिपय पूर्वकार्यका बारेमा समीक्षाका ठाउँमा निरर्थक टिप्पणी गर्ने प्रक्रिया हटाई सार्थक समीक्षा प्रविधि लागू गरिएको

९. पूर्वकार्यको समीक्षा गर्दा प्राज्ञिक समीक्षा पद्धति प्रयोग गरिएको

१०. पूर्वकार्यको समीक्षाका क्रममा हल्का टिप्पणी हटाइएको

११. विद्यावरिधि स्तरीय शोधप्रबन्ध भएकाले यस शोधकार्यबाट गाइड टाइपका कृतिको सर्वेक्षण र समीक्षा हटाइ सन्दर्भ सामग्रीबाट समेत हटाइएको

१२. पूर्वकार्यको समीक्षा गर्दा अध्ययनका मूल प्राप्तिलाई ठम्याइएको

१३. समीक्षा गर्दाका अनावश्यक, अप्रासङ्गिक र विशेष शब्दावलीको प्रयोग नगरिएको

१४. प्रस्तुत शोधप्रबन्धको पूर्वाध्ययनको कालक्रम समेत मिलाइएको

१५. पूर्वकार्यबाट प्रथम संस्करणको भनाइ हटाइएको

१६. पूर्वकार्यको समीक्षाका क्रममा तथ्यगत त्रुटिहरू पहिल्याइएको

१७. पूर्वकार्यको अनावश्यक सारसंक्षेप भएकोमा त्यसलाई हटाइ आवश्यक समीक्षा प्रस्तुत गरिएको

१८. पूर्वकार्यको समीक्षामा संस्करणहरूको कालक्रमिक प्रस्तुति दिइएको

१९. अध्ययनको औचित्य उपशीर्षक अन्तर्गतको लेखाइको पुनर्लेखन गरिएको

२०. सैद्धान्तिक अवधारणा शीर्षक हटाई सामग्री सङ्कलन र विश्लेषण विधिको परिष्कार सहितको प्रस्तुति गरिएको

२१. शोध प्रबन्धको रूपरेखा अन्तर्गतका परिच्छेद र त्यस अन्तर्गतका शीर्षकको संयोजन व्यवस्थित रूपमा गरिएको साथै प्रस्तुत शोधप्रबनधको पहिलो परिच्छेदको सम्पूर्ण लेखाइ परिमार्जन गरी विद्यावारिधि अनुसन्धान स्तरीय तुल्याइएको छ ।

**दोस्रो परिच्छेद**

दोस्रो परिच्छेदको “जीवनीका आलोकमा मदनमणि दीक्षित” राखिएकोमा त्यसका ठाउँमा “मदनमणि दीक्षितको जीवनी र उपन्यासको विधातात्त्विक अध्ययनको अन्तर्सम्बन्ध” शीर्षक योजना गरिएको छ । दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययनसँग मदनमणि दीक्षितको जीवनीको अन्तर्सम्बन्ध पहिल्याइएको छ ।

१. पिताका रूपमा लक्ष्मणमणि आचार्य दीक्षित र माता विष्णुकुमारीका कोखबाट भएको भन्ने तथ्य प्रकट गरिएको

२. हजुरबुवा रामचन्द्र र कान्छा हजुरबुवा हरिहरसँग बाल्यकालमा राम्रै सहवास गरेका थिए भन्ने भनाइ सच्याइ राम्रैसँग बस उठ र बोली व्यवहार गरेको कुरा ज्ञात भएको उल्लेख गरिएको

३. पृ. ३४ को तेस्रो अनुच्छेदको लेखाइ परिमार्जन गरिएको

४. एक उत्कृष्ट प्राज्ञ भन्ने भनाइ हटाई उपयुक्त लेखन गरिएको

५. पृष्ठ ४४ को चौथो अनुच्छेद निरर्थका अस्पष्ट भएकाले हटाइएको

समग्रमा भन्दा माथि उल्लिखित दोस्रो परिच्छेद लेखाइका दृष्टिले परिष्कृत परिमार्जित गहन एवं सामग्री संयोजनका दृष्टिले मूल शीर्षकसँग सम्बद्ध तुल्याइएको

**तेस्रो अनुच्छेद**

१. यस परिच्छेदको मुख्य शीर्षक ‘उपन्यास सिद्धान्त’ राखिएकोमा त्यसका सट्टा “उपन्यास विश्लेषणको सैद्धान्तिक पर्याधार” शीर्षक राखिएको र यसको सुरुमा विषय प्रवेश दिई अरू उपशीर्षकहरू प्रस्तुत गरिएको

२. यस परिच्छेदको शुरुमै भन्न खोजेका कुराहरू अस्पष्ट भएकाले पृ. ४६ को अन्तिम अनुच्छेद परिष्कारसहित परिवर्तन गरिएको

३. यस परिच्छेदका उपशीर्षकहरूलाई दशमलव पद्धति अनुरूप पद्धतिसंगत तुल्याइएको

४. यस परिच्छेदमा उपन्यास सिद्धान्त प्रस्तुत गर्दा पाश्चात्य साहित्यका मूल लेखक चिन्तकहरूका उपन्यास सिद्धान्तका स्थापना सैद्धान्तिक विवेचना सहित नेपाली समालोचकहरूका सैद्धान्तिक प्रस्थापनाको उल्लेख गर्दै पाश्चात्य साहित्यिक चिन्तन

परम्पराद्वारा स्थापित विधा सिद्धान्तको विवेचना सहित उपन्यासका तत्वगत निरूपण पहिल्याएको छ ।

५. यस परिच्छेदमा सैद्धान्तिक तथ्य प्रस्तुति भएका ठाउँमा सन्दर्भ स्रोत उल्लेख गरिएको छ ।

६. भाषाशैलीबारे आधिकारिक तवरको सिद्धान्त निर्माण गरिएको छ ।

७. नेपाली उपन्यास परम्परा र उपन्यासकार मदनमणि दीक्षित नामक शीर्षक हटाइएको छ ।

**चौथो परिच्छेद**

१. चौथो परिच्छेदको शीर्षक **माधवी** उपन्यासको विश्लेषणका ठाउँमा मदनमणि दीक्षितका उपन्यासमा कथानक विधा राखी सुरुमा विषय प्रवेश उपशीर्षक दिई प्रतिपाद्य विषयको परिचय साथ अरू उपशीर्षक अन्तर्गत क्रमशः सम्बद्ध विषयवस्तुको विवेचना गरिएको

२. उपन्यासका चरित्रहरूको विश्लेषण गर्दा आदरार्थी प्रयोग हटाइएको

३. गालव चरित्र निर्माण गर्दा प्राण भरेका छन् जस्ता भ्रमात्मक लेखन सच्चाइएको

४. उपन्यासको विवेचना गर्दा उद्धृत गरिएका अंशहरूको उद्धरण उद्धरण गरिएका अंश प्रस्तुत गरेपछि मात्र उल्लेख गरिएको

५. उपन्यास विवेचनाका क्रममा उत्तरवैदिक काल, मध्यवैदिक काल जस्ता कालसूचक संज्ञाहरूको स्पष्टीकरण दिइएको

६. परिवेश विवेचनाको उपक्रम टुङ्गिए पनि सन्दर्भ नटुङ्गिएकाले पृ. १२५-१२९ सम्मको लागि परिवेशीय पुनर्निर्माणको उपशीर्षक दिइएको

७. भाषाशैलीबारे आधिकारिक सैद्धान्तिक ठोस चिन्तनगत विश्लेषण प्रस्तुत गरिएको

८. भाषाशैली अन्तर्गत **माधवी**को बाह्य संरचनाजस्ता सन्दर्भ हटाइएको

९. सन्देश तत्व हटाइएको

१०. वस्तु तत्व हटाइएको

११. **माधवी** उपन्यासको तत्वगत विवेचनालाई विद्यावारिधि स्तरीय तुल्याउन सूक्ष्म एवं गहन विश्लेषण गरिएको छ ।

**पाँचौ तथा छैटौं परिच्छेद**

प्रस्तुत शोधप्रबन्धको पाँचौं तथा छैटौं परिच्छेदका शीर्षकहरू मदनमणि दीक्षितका उपन्यासमा चरित्र योजना र मदनमणि दीक्षितका उपन्यासमा परिवेश योजना जस्ता शीर्षकहरू परिवर्तन गरी यी शीर्षक र यी अन्तर्गतका उपशीर्षकहरूलाई ढाँचागत प्रस्तुतिगत र भाषागत स्तरीय एवं सघन र गहन तुल्याई प्रस्तुत गरिएको छ ।

**सातौं परिच्छेद**

१. यस परिच्छेदको शीर्षक परिवर्तन गरी मदनमणि दीक्षितका उपन्यासमा दृष्टिविन्दुको प्रयोग राखिएको छ । यस शीर्षक अन्तर्गतका उपशीर्षकहरूलाई परिष्कार परिमार्जन र तथ्यसंगत रूपमा अनुसन्धानमूलक तुल्याई स्तरीय रूपमा प्रस्तुत गरिएको छ ।

२. शैली शिल्पको नवीनतम आयोजनाका ठाउँमा शैली शिल्पको सफलतम प्रयोग भन्दै सफलताका पक्षहरूको उल्लेख गरिएको छ ।

**आठौं परिच्छेद**

१. आठौं परिच्छेदको शीर्षक 'मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययनको मूल्याङ्कन र योगदानका सट्टामा मदनमणि दीक्षितका उपन्यासमा बिम्ब र प्रतीक योजना शीर्षक राखिएको छ भने परिवर्तित परिष्कृत एवं परिमार्जित शीर्षकीकरण र तदनुकूल विश्लेषण र विवेचनका क्रममा उपन्यासको विधातात्त्विक अध्ययनको मूल्याङ्कन शीर्षक र यसका सन्दर्भ हटाइएको छ भने योगदानलाई विशेष रूपमा सघन गहन र स्तरीय तुल्याई प्रस्तुत गरिएको छ ।

२. उपन्यासका प्राथमिक देखि माध्यमिक हुँदै आधुनिक कालसम्मका औपन्यासिक परम्पराका सापेक्षमा मदनमणिको उपन्यासको विधातात्त्विक अध्ययनको योगदान पहिल्याउने सन्दर्भ हटाइएको छ ।

३. वस्तु घटना जस्ता वस्तु तात्विक विश्लेषण हटाइएको

४. नेपाली उपन्यास परम्पराको सर्वेक्षण संवद्ध अंश हटाइएको

५. पृ. २५० को चौथो अनुच्छेद हटाइएको

६-११ सम्मका बुँदाहरूको परिष्कार परिमार्जन र संशोधन एवं परिवर्तन सहित प्रस्तुत गरिएको छ र मूल्याङ्कन सन्दर्भ हटाइएको छ भने योगदानलाई व्यवस्थित तुल्याइएको छ ।

**नवौं परिच्छेद**

यस नवौं परिच्छेदको शीर्षकका रूपमा मदनमणि दीक्षितको उपन्यासको सारवस्तु र भाषाशैली प्रयोग राखिएको छ भने नवौं परिच्छेदको सारांश तथा निष्कर्ष एघारौं परिच्छेद अन्तर्गत चर्चा गरिएको छ । यसमा सारांश र निष्कर्षको सघन सारगर्भित र अनुसन्धानमूलक तवरमा स्तरीय प्रस्तुति गरिएको छ ।

**परिशिष्ट भाग**

१. शोध प्रबन्धमा परिशिष्टका तथ्यहरूको उपयोग गरिएकाले परिशिष्ट राखिएको

२. सन्दर्भसूची अनुसन्धानात्मक नियम एवं प्रविधि सम्मत तरिकाले संयोजन गरिएको

**शोधप्रबन्धको भाषा**

१. शोधप्रबन्धको भाषागत परिमार्जनका क्रममा वर्ण विन्यासगत अशुद्धि हटाइएको, पूर्वापर सम्बन्ध नजोडिएका वाक्य मिलाइएको, संयुक्त र मिश्र वाक्य निर्माणका कर्ता, कर्म, क्रिया, लिङ्ग, वचन र वाच्यका सङ्गति लगायत वाक्य योजना सम्बन्धी त्रुटिहरूको निराकरण गरिएको छ ।

२. अनुच्छेद योजनाको स्तरीय रूपमा मानस्तर कायम गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको परिमार्जनका क्रममा यसलाई शोधप्रबन्ध परीक्षण प्रतिवेदन अनुरूप प्रस्तुत शोध प्रबन्ध आद्यन्त हेरी यसलाई शोध सङ्गठन, विषयवस्तुको विवेचना र भाषिक शुद्धता कायम गर्दै त्रुटि र कमजोरी सच्चाई स्तरीय रूपमा अन्तिम स्वरूप दिइएको छ ।

**मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन**

**शोधकर्ता : ईश्वरीप्रसाद गैरे**

**शोध प्रबन्धमा परिस्कार परिमार्जन गरिएका कुरा**

१. पृष्ठ ५०१ मा धीरेन्द्र बर्मा र अन्य लेखिएको र अन्यको सट्टा सबै लेखकको नाम लेख्ने भनिएकोमा सबै लेखकका रूपमा रहेका ब्रजेश्वर शर्मा, रामस्वरूप चतुर्वेदी, रघुवंश (संयोजक) र धर्मवीर भारतीको नाम उल्लेख गरिएको छ ।

२. पृष्ठ ५०२ मा मोहनराज शर्मा नाम दोहोरिएकोमा दोस्रोमा नामका सट्टा '_______' राखिएको छ ।

३. पृष्ठ ५०४ को अपूर्ण शेष पङ्क्ति हटाइएको छ ।

४. विम्ब र प्रतीकको चर्चा बेग्लै परिच्छेदमा गरिएकोमा भाषाअन्तर्गत पर्ने यी भाषिक तत्वलाई भाषाशैली जस्ता दुई उपशीर्षक अन्तर्गत संयोजित गरिएको छ ।

५. उपन्यासका तत्व र उपन्यासको विधातात्त्विक अध्ययन माझ रहेको सम्बन्ध स्पष्ट पार्ने क्रममा दोस्रो परिच्छेद सैद्धान्तिक पर्याधारका अन्त्यमा, कथानकविधानका अन्त्यमा, पात्रविधानका अन्त्यमा तथा परिवेश विधानका अन्त्यमा तत्वका आधारमा उपन्यासको विधातात्त्विक अध्ययनलाई पहिल्याइएको छ ।

६. परिवेशमा स्थान र वातावरणको विश्लेषण गरिएको तर समयको विश्लेषण नगरिएकोमा स्थान समय वातावरण गरी समयलाई स्थानक्रममा राखी विश्लेषण गरिएको छ ।

७. यथासक्य टङ्कण र त्रुटिहरु सच्चाइएको छ ।

# मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङकाय अन्तर्गत नेपाली विषयमा विद्यावारिधि (पिएच.डी.) उपाधिका लागि प्रस्तुत

## शोधसार

शोधकर्ता

**ईश्वरीप्रसाद गैरे**

नेपाली केन्द्रीय विभाग

शोधनिर्देशक

प्रा. राजेन्द्र सुवेदी

नेपाली केन्द्रीय विभाग

शोधविशेषज्ञ

प्रा.डा. कृष्णहरि बराल

नेपाली केन्द्रीय विभाग

**मदनमणि दीक्षितको उपन्यासको विधातात्त्विक अध्ययन**

**शोधकर्ता : ईश्वरीप्रसाद गैरे**

**शोध प्रबन्धमा परिस्कार परिमार्जन गरिएका कुरा**

१. मदनमणि दीक्षितको उपन्यासकारिता नामक शोध शीर्षकका सट्टा मदनमणि दीक्षितका उपन्यासको विधातात्त्विक अध्ययन निर्क्योल गरे अनुरूप परिवर्तन गरिएको,

२. मदनमणि दीक्षितका उपयासमा विधातात्त्विक अध्ययन शोध शीर्षक अनुरूप शोध प्रबन्धमा मिलान गरिएको,

३. देवी गौतम र राजेन्द्र सरले शोध समस्या धेरै भए र ४/५ बुँदामा समस्या राख्दा पुग्छ भने बमोजिम पाँचवटा शोध समस्या बनाइएको,

४. पाँचवटा समस्या अनुरूप पाँचवटा उद्देश्य निर्माण गरिएको,

५. दयाराम श्रेष्ठले विम्ब प्रतीक, भाषाशैलीअन्तर्गत राख्ने भनिएकोमा सोही अनुरूप राखिएको,

६. केसव सुवेदीले भने अनुरूप शोध प्रबन्ध भित्र र शोधसारको निष्कर्ष समान तुल्याइएको,

७. जोशी सरले उत्कृष्ट बारे दिएको सुझाव अनुरूप मिलान गरिएको,

८. देवी गौतमले भने बमोजिम सैद्धान्तिक आधार र दृष्टिविन्दु शोध समस्यामा उल्लेख नगर्ने भने अनुरूप उल्लेख नगरिएको,

९. समग्रमा मदनमणि दीक्षितका उपन्यासमा विधातात्त्विक अध्ययन शोध शीर्षक अनुरूप शोध प्रबन्धको सङ्गठन सुसङ्गठित गरिएको ।